# धनगढीमाई नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

धनगढी, सिरहा

२ नं. प्रदेश, नेपाल

## नदीजन्य पदार्थ ढुवानी शुल्क/सडक मर्मत सम्भार दस्तुर ठेक्का वन्दोबस्ती सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०६/२६)

स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ११ को उपदफा २ घ ६, धनगढीमाई नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को आर्थिक ऐन २०७५ को दफा ११ र अनुसूचि ०९ र "धनगढीमाई नगरपालिका खानी तथा खनिज पदार्थ ऐन, २०७५" को दफा १८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम नगरपालिकाले आफ्नो भैगोलिक क्षेत्रभित्र विभिन्न निकायबाट ठेक्का प्राप्त गरी खनिज पदार्थ उत्खन्न **(धनगढीमाई नगरपालिकाको भौगोलिक क्षेत्र भित्रका निजी तथा सार्वजनिक खोला नाला बगर आदिबाट, ग्राभेल, ढुंगा, गिटी, बालुवा र माटो समेत)** गरी ढुवानी गर्ने हरेक सवारी साधनसंग तोकिएको शुल्क कर असुली सम्बन्धमा चालु आ.व. २०७५/७६ को बाँकी अवधी (०७६ असार मसान्तसम्म) नियमित रुपमा पटके शुल्क (राजश्व) उठान गर्ने प्रयोजनको लागी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र पेश गर्न सम्वन्धित सबैका लागी यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. सिलबन्दी बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशन भएको मितिले ३०औं दिनभित्र यस कार्यालयको रा.बा.बैंक, लहानमा रहेको खाता नं. ग २२६०३०३००७१०२ मा रु. ३०००/-(रु. तीन हजार, पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर वा नगरपालिकामा नगदै बुझाई नगदी रसिद काटी यस कार्यालयको राजश्व उप-शाखाबाट खरिद गर्न सकिनेछ ।

२. सिलबन्दी बोलपत्र पेश गर्दा इजाजत प्राप्त कम्पनीले नविकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) वा भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व.२०७४।०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ पेश गर्नुपर्नेछ ।

३. रितपुर्वक भरिएको सिलबन्दी बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएको बोलपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको रा.बा.बैक, लहानमा रहेको धरौटी खाता नं. धरौटी ग २२६०३०३००७१०२ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्ति बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा ९० दिनको मान्य अवधि भएको सक्कल बिडबण्ड (Bid Security) पेश गर्नु पर्नेछ ।

५. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ ।

६. सिलबन्दी बोलपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, बोलपत्र दाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

७. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

८. एक फर्मको नामबाट खरिद भएको बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन ।

९. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको बोलपत्र माथि कार्यवाही हुने छैन ।

१०. बोलपत्र आंशिक वा पुर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचना पार्टीमा टाँस गरी जानकारी गराइनेछ साथै सो संग सम्वन्धीत सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. सेवा शुल्क असुल गर्दा करदातालाई दिईने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको ढांचामा ठेकेदारको तर्फवाट छपाई सि.नं.००१ देखि संख्या (Numbering) शुरु गरी नगर कार्यपालिकाको कार्यालयमा ल्याई नगर कार्यपालिकाको कार्यालयको छाप लगाई प्रमाणित भए पछि मात्र प्रयोग गर्न पाईनेछ । विना छापको रसिद प्रयोग गरेको फेला परेमा नगर कार्यपालिकाको कार्यालयद्वारा कानूनी कार्वाही हुनेछ । साथै यसै सूचनामा उल्लेख भएको पटके शुल्कको दररेटहरुको वोर्ड वनाई ठेकेदारले नै राख्नु पर्नेछ ।

१२. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको कम्पनी वा व्यक्तिले ठेक्का लिन पाउने छैन कुनै कारणवश त्यस्ता व्यक्तिको बोलपत्र वा ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।

१३. यस ठेक्का वापत नेपाल सरकारलाई वुझाउनु पर्ने सम्पूर्ण करदस्तुर फि महशुल आदि ठेकेदारले नै वुझाउनु पर्नेछ ।

१४. ठेकेदारले शुल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ । त्यसरी नियुक्त कर्मचारीले तोकिएको शुल्क भन्दा वढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

१५. ठेक्का प्राप्त पटके शुल्कबाट नगरपालिकाले तोकि दिएको दररेट भन्दा फरक आफुखुसी मूल्य निर्धारण गरी रकम संकलन गरेको पाईएमा ठेक्का लिने व्यक्तिबाट असुल उपर गरी कानुनी कारवाही गरिनेछ ।

१६. धनगढीमाई नगरपालिकाको क्षेत्र भित्र रहेको खनिज पदार्थ ढुवानी पटके शुल्कको न्यूनतम कबोल अंक रु. ५५,००,०००। (पचपन्न लाख मात्र) भन्दा माथि कबोल गर्नु पर्नेछ । सिलबन्दी बोलपत्रमा रीतपूर्वक सहीछाप भएको हुनु पर्नेछ ।

१७. बोलपत्र स्वीकृत भए पछि ठेका अत्तिरिक्त VAT तथा आयकर वापत १.५% समेत जम्मा १४.५% रकम ठेक अंकमा जोडि एकमुष्ठ दाखिला गरेमा, ठेक अंकमा ५% छुट दिनेछ । एकमुष्ठ रकम दाखिला गर्नु पर्नेछ वा यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैङ्कवाट जारि गरिएको कम्तीमा (महिना म्याद भएको जमानी पत्र सक्कल प्रति चलन पूर्जि लिनु अगाबै पेश गर्नु पर्नेछ ।

१८. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

१९. दर्ता हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा सुरक्षित रहने छ ।

२०. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

| क्र.सं | ठे.नं. | कामको विवरण | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | आ.व.२०७४/७५-०५ | पटके खनिज पदार्थ ढुवानी शुल्क | कबोल अंकको ५ प्रतिशत | |